**प्रश्न नं. ६९**

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.८२९६ देखि ८४१७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

सिताराम पौडेलको जाहेरीले नेपाल सरकार

बिरुद्ध

सुनसरी जिल्ला भोक्राहा गाउँपालिका वडा नं. ३ घर भई हाल कारागार कार्याल्य, मोरङ धुनामा रहेकी

सरिता पौडेल

मुद्दाः-ज्यान सम्वन्धी कसूर

**१)** मिति २०७६।८।०६ गते मेरी बुहारी सरिता पौडेलले १५ महिनाको नाति सचिन कोइरालालाई लिई कसैलाई जानकारी नगराई इनरूवातर्फ गएकोमा निज साँझसम्म पनि फर्की नआएकोले खोजतलास गर्दा फेला परेकी थिइनन् भोलीपल्ट सुनसरी खोला पारी सरितालाई देखी गाउँले तथा हामीसमेतका परिवार भेट्न जाँदा निज भागी गएकी र भागेकै स्थान वरिपरि हेर्दा नाति सचिन पौडेलको लास फेला परेको भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

२) सुनसरी खोला किनारमा मृतक सचिन पौडेलको लास फेला परेको, सो लासको शरीरका भागहरू हेर्दा घाँटीमा नीलोरातो डाम देखिनुका अलावा घाँटी लल्याकलुलुक अवस्थामा रहेको, छातीको भागमा रगत जमी कालो देखिएको, सो स्थानभन्दा १०० मिटर पूर्वतर्फ एउटा सखुवाको सानो रूखमा नीलो कपडाको टुक्रा बाँधिएको, सो नजिकै एउटा रूखको फेदमा मृतक सचिनको आमा सरिता पौडेलको चप्पल फेला परेको भन्नेसमेत व्यहोराको घटनास्थल लास प्रकृति मुचुल्का ।

३) मैले घरपरिवारका मानिसहरूलाई जानकारी नदिई छोरा सचिन पौडेललाई उपचार गर्न भनी इनरूवा लिई गएको हो । इनरूवाबाट फर्की सुनसरी खोला छेउको घरमा रात्री बास बसी भोलिपल्ट म सो स्थानबाट घरतर्फ जाँदैगर्दा छोरा विरामी भएकाले निजलाई लिई जंगलतर्फ गएँ, सो क्रममा मैले विषसमेत बोकेकोले छोरा सधैं विरामी हुने कारण एक बिर्को विष खुवाई बाँकी बचेको विष आफूलेसमेत खाएँ । आफूले खाएको विषादी उल्टी भएकोले म बाँचे । छोरालाई काँधमा राखी बोकी जंगलतर्फ नै जाने क्रममा छोराको घाँटीको भाग मेरो काँधमा परी निस्सासिएर निजको मृत्यु भएको हुनसक्छ भन्नेसमेत व्यहोराको प्रतिवादी सरिता पौडेलले गरेको बयान ।

४) मृतक सचिन पौडेलको मृत्युको कारण Asphyxia due to Throatling भन्नेसमेत व्यहोराको पोष्ट मार्टम रिपोर्ट ।

**५)** प्रतिवादी सरिता पौडेलको कर्तव्यबाट आफ्नै छोरा सचिन पौडेलको मृत्यु भएको वारदात स्थापित हुन आएको हुँदा निज प्रतिवादीको उक्त कार्य मुलुकी ,अपराध संहिता २०७४ को दफा १७७ विपरीतको कसुर

**प्रश्न नं. ६९**

गरेकोमा सोही संहिताको ।नसम्बन्धी महलको १७७(२) बमोजिम सजाय हुन माग दावी लिएको भन्ने व्यहोराको अभियोगपत्र ।

६) प्रतिवादी सरिता पौडेलले अदालतमा गरेको इन्कारी बयान ।

७) सुनसरी जिल्ला अदालतबाट मा भएको फैसला ।

८) प्रतिवादीले उच्च अदालत विराटनगरमा गरेको पुनरावेदनपत्र ।